नेपाल सरकार
उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय
**उद्योग विभाग**
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## उद्योग र पूर्वाधार : समृद्धिको आधार
## राष्ट्रिय उद्योग दिवस, २०७६
## शुभकामना मन्तब्य

अर्थतन्त्रको आधार स्तम्भको रुपमा रहेको औद्योगिक विकासवाट मात्र उच्च, दीगो र फराकिलो विकास संभव छ । स्वदेशी कच्चा पदार्थ, साधनस्रोत, पूँजी, प्रविधि, श्रम तथा सीपको उपयोग गरी आत्मनिर्भर हुन सक्ने वस्तुको उत्पादन र तुलनात्मक लाभका क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाई रोजगारी सिर्जना, आयात प्रतिष्थापन र निर्यात प्रवर्द्धनवाट मात्रै देशको अर्थतन्त्रलाई सुदृढ र आत्मनिर्भर बनाउन सकिन्छ । स्वदेशी लगानी प्रोत्साहन गर्नुपर्ने तथा प्रत्यक्ष विदेशी लगानी आकर्षित गरी पूँजी र प्रविधिको सहज पहूँच बढाउनुपर्ने आवश्यकता रहेको छ, जसले आत्मनिर्भर हुन सक्ने वस्तुको उत्पादनका साथसाथै निर्यातयोग्य उत्पादनलाई पनि सघाउ पुर्याउँदछ ।
उद्योग प्रशासन र प्रबर्द्धनको मुख्य जिम्मेवार निकाय यस विभागमा नयाँ भवनवाट पर्याप्त भौतिक सुविधा सहितको सेवा प्रवाहको व्यवस्था मिलाईएको छ । एकल विन्दु सेवा केन्द्रवाट उद्योग दर्ता, विदेशी लगानी स्वीकृति तथा व्यवसायिक भिषा सिफारिस, जग्गा सहजीकरण, PAN Registration, Repatriation, Exim Code, IEE स्वीकृतितथा विदेशी विनिमय सहजीकरण गर्ने कार्य भैरहेका छन् । उद्योग विभाग र लगानी बोर्डवाट चालु आर्थिक वर्षको प्रथम चौमासिक सम्ममा १०४ वटा उद्योग/लगानी परियोजनाहरुमा ८२ अर्व ५७ करोड विदेशी लगानी स्वीकृत भएको छ । जुन गत बर्षको तुलनामा आशालाग्दो अवस्था हो । बौद्धिक सम्पत्तिको संरक्षण गर्नेको संख्यामा बृद्धि, लघु, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रवाट उद्यमशिलता तथा सीपमूलक तालिम प्रदान, अनलाई रजिष्ट्रेशन/सूचना प्रविधिको प्रयोग, अनलाईन पेमेन्ट सुविधाको प्रारम्भ र उद्योग परिसर भित्र बैंकको स्थापनाले प्रकृयागत सरलीकरण र सेवाग्राहीको सुविधामा हामी प्रतिबद्ध रहेको जानकारी गराउँदछु ।

अन्तमा राष्ट्रिय उद्योग दिवस, २०७६ को उपलक्ष्यमा यस क्षेत्रमा संलग्न उद्योगी, व्यवसायी, लगानीकर्ता, उद्यमी, औद्योगिक मजदुर तथा कर्मचारीवर्ग लगायत संम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति: २०७६।०८।०९

जीवन प्रकाश सिटौला
**महानिर्देशक**
उद्योग विभाग

एक्सचेन्ज: ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्स: ९७७-१-४२६१११२, इमेल: info@doind.gov.np, वेबसाइट: http://www.doind.gov.np